# खेलकुदबाट पनि फाइदा लिन सकिन्छ



**फिरोज राजोपाध्याय**

कुनै पनि देशका लागि खेलकुदका पूर्वाधारमा विकास र रंगशाला तथा कभर्ड हल निर्माणमा बढी जोड दिएमा त्यो देशको खेलकुदले फड्को मान्ने गर्छ। जति रंगशाला र कभर्ड हल त्यति नै खेलाडी उत्पादन हुन मद्दत मिल्छ। यसले राम्रा विश्वस्तरका खेलाडी उत्पादन हुने सम्भावना बढी हुन्छ। खेलकुद विकासपछि यसले देशमा आमूल परिर्वन र देशको आर्थिक उन्नति हुनमा टेवा दिनेमा विश्वास गर्न सकिन्छ।

नेपालको सन्दर्भमा पनि खेलकुदबाट नै आर्थिक उन्नतिका साथै सामाजिक परिवर्तन, युवालाई र बेरोजगारलाई रोजगार दिन सकिन्छ। यसले लगभग हरेक क्षेत्रले प्रत्यक्ष फाइदा लिन सकिन्छ। यस्तैमा नेपालमा भौतिक पूर्वाधारमा कमी देखिएको छ। यदि भौतिक पूर्वाधारमा जोड दिने हो भने नेपालका कच्चा पदार्थ उत्पादनदेखि लिएर निर्माण व्यवसायीलाई समेत लाभ दिन सकिन्छ।

अहिले नेपाल संघीयतामा गइसकेको छ। ७ प्रदेश भनेर देश टुक्र्याइसकेको छ। यसले नेपालमा आर्थिक भार बढेको छ। यस्तो अवस्थामा आर्थिक उन्नति गर्नमै बढी जोड दिनुपर्ने हुन्छ। यसका लागि के गर्ने त भन्दा नेपालमा खेलकुदको विकासमा जोड दिनुपर्छ। हालै अर्थमन्त्री युवराज खतिवडाले वाचन गर्नुभएको बजेटमा समेत ७ प्रदेशमा सात रंगशाला बनाउने समावेश गरिएको छ। रंगशाला सुविधासम्पन्न हुनेमा उहाँले जोड दिनुभएको छ।

यदि गुरुयोजनाअनुसार चलेमा नेपालका लागि खेलकुद विकास गर्न र आर्थिक उन्नति गर्नका साथै रोजगारको समेत व्यवस्थित गर्न सकिन्छ। यहाँसम्म कि कच्चा पदार्थ उत्पादक र निर्माण व्यवसायी पनि लाभान्वित हुने छन्। खेलकुद फस्टाएमा खेलकुदमा लगानी गर्नेको पनि ओइरो लाग्न सकिन्छ।

उदाहरणका लागि एउटा रंगशाला बनाउन अत्यधिक मात्रामा निर्माणसम्बन्धी कच्चा पदार्थ प्रयोग गर्नुपर्ने हुन्छ। एउटा रंगशाला बनाउनु भनेको करिब २०/२५ वटा भवन बनाउनु सरह हो। सरकारको नीतिअनुसार सातै प्रदेशमा ७ रंगशाला बन्दा नेपालका कच्चा पदार्थ उत्पादक सामग्री उत्पादन गर्न व्यस्त हुनेछ। यस्तै निर्माण व्यवसायीलाई पनि राहत हुन्छ। अर्को हजारौं कामदारले काम पाइरहेका हुन्छन्। यो भनेको प्रत्यक्षरूपले देशका हरेक क्षेत्रमा फाइदा पुग्ने काम हो।

काठमाडौंमा भएको दशरथ रंगशाला २०७२ सालको भूकम्पले गर्दा जीर्ण भयो। यसको अहिले जीर्णोद्धार भइरहेको छ।

राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत पूर्वाधार निर्माण तथा मर्मत शाखा प्रमुख अरुण उपाध्यायले दशरथ रंगशाला सन् २०१९ फेब्रुअरीमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको बताउनुभएको छ। नेपालमा हुने १३औं दक्षिण एसियाली खेलकुदका लागि दशरथ रंगशाला उपलब्ध गराउने लक्ष्य रहेको पनि उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'अहिले रंगशाला बन्दै छ। यसमा साढे १६ करोड खर्च हुनेछ। तर, यति नै भन्न सकिँदैन योभन्दा पनि बढी हुन सक्छ।'

यसै गरी दक्षिण एसियाली खेलकुदकै लागि भनेर पोखरामा पनि रंगशाला बनाउन टेन्डर आह्वान गरिसकेको छ। यो रंगशाला सुविधासम्पन्न हुने उपाध्यायले बताउनुभयो। उहाँको अनुसार यसको निर्माणका लागि १ अर्ब ७० लाख खर्च लागत निकालेको छ।

खेलकुदमन्त्री जगत्बहादुर विश्वकर्माले हालै मन्त्री भएको १ सय दिनमा आफ्नो कार्यको मूल्यांकन गर्नुभयो। उहाँले पत्रकार सम्मेलनमा जानकारी गराउनुभएअनुसार भक्तपुरमा दुई वटा रंगशाला बन्नेछ। यसका लागि सूर्यविनायक नगरपालिकाको वडा नम्बर ९ र १० तथा चाँगुनारायण नगरपालिकाको वडा नम्बर ८ र ९ मा जग्गा प्राप्तका लागि प्रक्रियामा रहेको छ।

जग्गा पाउने प्रक्रिया अघि बढेकाले यसका लागि कति बजेट विनियोजन गर्ने र अगाडि कसरी काम गर्ने भनेर सोच्ने पछिकै कुरा भयो। उपाध्यायले सूर्यविनायकमा स्मार्ट सिटी बन्ने भएकाले त्यहीं रंगशाला बनाउने तय भएको बताउनुभएको छ। यसका लागि अहिले नै यसो भन्न नसकिने पनि बताउनुभयो।

बाँकी पृष्ठ १० मा










पृष्ठ १० को बाँकी

## खेलकुदबाट पनि...

### आर्थिक र सामाजिक परिवर्तन

खेलकुदको विकास भएपछि आर्थिक परिवर्तन हुनेमा कुनै शंका छैन। मूलपानी र त्रिवि क्रिकेट मैदान काठमाडौंमा रहेका छन्। दुवैको संरचना खासै अन्तर्राष्ट्रियस्तरको छैन। काठमाडौंमा यी दुई मैदानमा भौतिक पूर्वाधार विकास गर्न मात्र सकेमा पनि नेपाललाई आर्थिक उन्नति हुन बेर लाग्दैन। अन्तर्राष्ट्रिय खेलहरू यहाँ खेलाउन त्यहीअनुरूपको सुविधासम्पन्न रंगशाला बन्नुपर्छ।

यदि अन्तर्राष्ट्रियस्तरको खेल आयोजना गर्न सकेमा खेलकुदको विकास भइहाल्छ। यसको साथै देशको आर्थिक उन्नतिमा तीव्ररूपमा वृद्धि हुन्छ। पर्यटकको आगमन हुन्छ। होटल व्यवसाय फस्टाउँछ। यातायातलाई फाइदा पुग्छ। अनि देशमा रहेका बेरोजगारले समेत रोजगारी पाउँछन्।

### गुरुयोजनामै सीमित हुनुभएन

जति पनि सरकार आए ७ प्रदेश ७ रंगशालाको नारा लगाए। तर, कार्यान्वयन भएको छैन। अहिले यसो हेर्दा स्थिर सरकार छ। यो सरकारले गर्न सक्ने काम धेरै छन्। धनगढीको फाप्ला क्रिकेट मैदानलाई सरकारले ५ करोड उपलब्ध गराएको छ। धनगढीमै सुविधासम्पन्न रंगशाला बनाउने गुरुयोजना रहेको छ। तर, जग्गा उपलब्धि भएको छैन। जग्गा कहिले उपलब्ध हुने कहिले टेन्डर आह्वान गर्ने र कहिले बन्ने त्यो लामो प्रक्रिया छ। सायद नबन्न पनि सक्छ।

भन्नुको मतलब गुरुयोजनामै सीमित हुनुभएन। ठोस योजना बनेपछि त्यहीअनुसार रंगशाला, कभर्ड हल बनाउनुपर्छ। एउटा सरकारले शिलान्यास गर्छ, अर्को सरकार आउँदा त्यसको कुनै कार्य गरेको पनि पाइँदैन। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयबाट उपलब्ध गराएको जग्गामा कभर्ड हल बन्ने भनेको त्यो केही भएको छैन। ९१ लाखमा सुविधासम्पन्न कभर्ड हल बनाउने योजना अहिले योजनामै सीमित भएको छ।

यसै गरी मकवानपुरमा पनि कभर्ड हल बनाउने भन्ने भइरहेको छ। रंगशाला बनाउन पनि गुरुयोजनामा मात्रै सीमित भइरहेको छ। ७ प्रदेशमा ७ रंगशाला बन्ने योजनाअनुरूप प्रदेश-१ क्षेत्रको इटहरीमा, प्रदेश-२ को जनकपुर, प्रदेश-३ को हेटौंडा, प्रदेश-४ को पोखरा, प्रदेश-५ को दाङ, प्रदेश-६ को सुर्खेत र प्रदेश-७ को धनगढीमा सुविधासम्पन्न रंगशाला बन्ने छन्। यसमध्ये इटहरी, तुलसीपुर र पोखरालाई स्पोर्टस् सिटीका रूपमा विकास गर्ने पनि सरकारको ध्यान गएको छ।

### बजेटकै कुरो

हालै नेपाल सरकारले बजेटमा खेलकुदलाई साढे ४ अर्ब रुपियाँ छुट्याएको छ। तर, २ अर्बभन्दा बढी दक्षिण एसियाली खेलकुद र एसियन खेलकुदको तयारीमा खर्च गरिने भनेपछि बाँकी रहेको २ अर्बबाट सबै प्रदेशमा रंगशाला बन्ने पनि असम्भव नै छ। पोखरामा बन्न लागेको सुविधासम्पन्न रंगशालाका लागि मात्रै १ अर्ब ७० करोड रकम खर्च हुने भनेपछि रकम जम्मा गर्न लगानीकर्ता खोज्नुपर्ने हुन्छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव केशवकुमार विष्ट बजेटकै कारण खेलकुदमा विकास गर्न कठिन भएको हरेक कार्यक्रममा बताउनुहुन्छ। 'बजेट थोरै हुन्छ। तलब खुवाउनुपर्ने हुन्छ। खेल संघहरूलाई रकम छुट्टयाउनुपर्ने हुन्छ। सरकारसँग माग गरे बमोजिम बजेट आउँदैन पनि। सबैतिर त्यही बजेटले चलाउनुपर्ने हुन्छ। त्यसो त अहिले स्थिर सरकार भएकाले भविष्यमा रंगशाला र कभर्ड हल बन्नेमा शंका छैन।' उहाँले भन्नुभयो।






# हराउँदै मौलिक निर्माण शैली

> पुस्ता, दरपुस्ता ज्ञान र सीपको हस्तान्तरण हुँदै उपलब्ध सामग्री र कलाको संयोजनकै कारण पुराना घर मौलिक र विशिष्ट देखिने गर्दछन्।

सुनील महर्जन

मौलिक बस्ती धर्मस्थली वैशाख १२ गतेको विनाशकारी भूकम्पले ध्वस्त भएको थियो। काठमाडौंको तारकेश्वरस्थित साविक धर्मस्थली गाउँमा हाल पुरै कंक्रिटको गगनचुम्बी घर ठडिएको छ। लिच्छिविकालीन बस्ती अहिले कंक्रिटको जंगलजस्तो भएको छ। बाटोको सुविधा पुगेका अधिकांश ठाउँमा आधुनिक निर्माण सामग्री पुगेकाले गाउँगाउँमा कंक्रिटका घर देखिन थालेका छन्। यसले इतिहास, संस्कृतिसँगै मौलिक निर्माण प्रविधि पनि विस्थापित भएको छ। काठमाडौंको धर्मस्थली गाविस यसैको एउटा उदाहरण बन्दछ।

भूकम्पपछि पुनर्निर्माण थाल्ने प्राय: मानिसले आधुनिक शैलीमा पुनर्निर्माण थालेका छन्। यसले मौलिकता र सांस्कृतिक सम्पदा लोप हुने खतरा बढेको छ। आधुनिक भवन निर्माणले विश्वसम्पदामा सूचीकृत ललितपुरका ऐतिहासिक क्षेत्र मात्र नभई काठमाडौं र भक्तपुरको पनि पुरातात्त्विक महत्त्व घट्ने खतरा बढेको बताए। 'सम्बन्धित निकायले बेलैमा चासो नदिए पुरानो सहरको अस्तित्व, बस्तीको मौलिकता परम्परा, रहनसहन, संस्कृति र सांस्कृतिक सम्पदामा असर पर्ने परम्परागत घर निर्माणसम्बन्धी जानकार दिलेन्द्र श्रेष्ठले बताए।

अहिलेका घर हेर्दा नेपालीपन छैन। आफ्नै मौलिक डिजाइनको घर कहाँ छ भनेर भौंतारिनु परेको छ, सबैतिर एकैखाले घर बनेका छन्। बुङमती, खोकना र हरिसिद्धिमा डिजाइनसहितको लागत इस्टिमेट तयार भए पनि पुनर्निर्माण भने अझै शुरू हुन सकेको छैन। मल्लकालीन बस्ती ललितपुरको ठेचो, सुनाकोठी, हरिसिद्धि, ठैव, लुभु, सिद्धिपुर, काठमाडौंको टोखा, कीर्तिपुरको पांगा, नैकाप, भाजगंल र भक्तपुरको कोर बस्तीका स्थानीयबासीले नेवारी वास्तुकला शैलीका घर निर्माण गर्दा धेरै महँगो पर्ने भन्दै आधुनिक शैलीमा धमाधम पुनर्निर्माण थलेका छन्। यसले बस्ती झन् कुरूप बन्दै गएका छन्।

इन्जिनियर हरिश्चन्द्र लामिछाने भन्छन्- 'पहिले जहाँ जे उपलब्ध हुन्थ्यो त्यसैबाट घर बनाइने गरिएको तर अहिले छनोटको सुविधा बढेको छ।' पहिले गारोलाई प्राथमिकता दिएर मोटो बनाइन्थ्यो। त्यसले जाडोमा न्यानो र गर्मीमा चिसो बनाउँथ्यो। आज फ्यान, एसी, हिटरबाटै घरलाई तातो-चिसो बनाउन सकिन्छ। पुराना घरमा सबैतिर सकेसम्म बढी काठ प्रयोग हुन्थ्यो, अहिले मुस्किलले झ्याल र ढोकामा काठ सीमित छ।

### आधुनिक शैलीका घर बन्न शुरू

८० वर्ष अघिसम्म उपत्यकामा घर भनेकै ढुंगा, इँटा, माटो, काठ, बाँस, खर, पराल, झिंगटी, सिलेट, खपडाजस्ता वस्तुबाट बन्थ्यो। तर अहिले गिट्टी, बालुवा, सिमेन्ट, रड, इँटा, ब्लक, ढुंगा, टिन (जस्तापाता), स्टिल, आल्मुनियम, सिसा, प्लास्टिकजस्ता सामानबिना घर निर्माण असम्भवजस्तै भएको छ। घर निर्माणमा पश्चिमा प्रभावकै परिणाम हो, पिलर र सिमेन्टको प्रयोग। त्यसैले पनि अहिले सबैतिर एकै प्रकारका घर बन्न थालेका छन्।

संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार १९९० सालको भूकम्पपछि मात्रै नेपालमा आधुनिक शैलीका घर निर्माण हुन थालेको हो। ९० सालको महाभूकम्पले भत्किएका घरको पुनर्निर्माणका लागि तत्कालीन सरकारले बेल्जियमबाट जस्तापाता झिकाएर सर्वसाधारणलाई वितरण गरेको जोशीले बताउनुभयो। जोशीले भूकम्पपछि नै उपत्यकामा पहिलो पटक सिमेन्ट भित्रिएको बताए। 'पहिलोपटक सिमेन्टले बनाएको सरस्वती सदन देखेपछि त्यसैलाई हेरेर इन्द्रचोकमा एक सर्वसाधारणले कंक्रिटको घर बनाए', उनले भने- 'उपत्यकाको मौलिक घर निर्माण शैली संसारकै उत्कृष्ट मध्येमा पर्ने बताए।'

९० सालको महाभूकम्पपछि शुरू भएको कंक्रिट घर निर्माणले ८ दशकको यात्रा तय गरिसकेको छ। यसबीचमा शहरी क्षेत्रका अधिकांश घर,








भूकम्पले क्षति भएका घर पुनर्निर्माण गर्दा पुरानै मौलिक वास्तुकला शैलीमा निर्माण गर्न स्थानीयवासी र राज्य पक्षले विशेष चासो दिनुपर्ने संस्थाको भनाइ छ। पुराना कमजोर भएका केही घरको सुधारका लागि भने विशेषज्ञबाट प्राविधिक सहयोग सल्लाहबाट सुदृढीकरण गर्न सकिने काठमाडौं उपत्यका संरक्षण कोषका निर्देशक डा. रोहित रञ्जितकारले बताए।



भवन र भौतिक संरचनामा सिमेन्ट प्रयोग गरिएको छ। सिमेन्टका घरलाई सम्पन्नतासँग जोडेर हेर्ने मनोविज्ञानका कारण नेपाली मौलिक घरले अस्तित्व गुमाउन थालेको छ।

पुस्ता, दरपुस्ता ज्ञान र सीपको हस्तान्तरण हुँदै उपलब्ध सामग्री र कलाको संयोजनकै कारण पुराना घर मौलिक र विशिष्ट देखिने गर्दछन्। पुस्तैनी परीक्षण हुँदै आएका यस्ता घर भूगोल सुहाउँदो फरक ढाँचा र निर्माण सामग्रीबाट तयार पारिन्थ्यो। पहिले अग्लो ठाउँमा घर र समथर ठाउँमा खेतीपाती गर्ने चलन थियो। अहिले जुनसुकै स्थानमा घर बनाउन थालिएको छ। संस्कृति र मौलिक परम्परागत सौन्दर्य छाडेर जथाभावी घर बनाउने प्रवृत्ति झाँगिएको छ।

## घर निर्माणको पुरानो शैली

संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार पहिले उपत्यकाको बस्ती योजनाबद्ध लाग्थ्यो। शहरको संरक्षण र सुरक्षाका दृष्टिकोणले निश्चित क्षेत्र छुट्टिने गरी बस्ती बसाइएको थियो। हेर्दा नै सुरक्षित देखिन्थ्यो। मन्दिरको गजुरभन्दा अग्लो घर बनाउनु हुँदैन भन्ने भनाइ थियो। त्यहीअनुसार घरहरू बढीमा ५ तलासम्म मात्र थिए। प्रत्येक टोलमा मन्दिर थिए।

पहाडतिरका घरमा पेटी, पाली हुन्थ्यो। भुइँतलामा भान्छा बनाउने प्रचलन थियो। काठका खम्बा र बिम बनाएको घर ढुंगा माटोबाट जोडिन्थ्यो।

उपत्यकामा भने अधिकांश घर संयुक्त परिवार बस्ने गरी बनाइएको हुन्थ्यो। घरको प्रमुख प्रवेशद्वारलाई छिंडी भनिन्थ्यो। छिंडीमा माटोका भाँडाकुँडा राख्ने गरिन्थ्यो। त्यसभन्दा माथिल्लो तलालाई बैठक तथा भेटघाट गर्ने ठाउँ, दोस्रो तला माटनमा बसोबासका लागि कोठा बनाइन्थ्यो।

तेस्रो तला बुईंगलमा तीनमुखे, पाँचमुखे खुला झ्याल बनाइएको हुन्थ्यो। माटनमा आँखीझ्याल बनाइन्थ्यो। घरको सुरक्षाका लागि तल्ला तलामा आँखीझ्याल राखिएको हुन्थ्यो, जसबाट बाहिर देखिन्थ्यो तर बाहिरबाट भित्र देखिँदैनथ्यो। माथिल्लो तलामा भने खुला झ्याल हुन्थ्यो।

बुइँगलमा भोज खान मिल्ने खुला ठाउँ बनाइन्थ्यो। बुइँगल माथिको तलामा खुला भान्सा र कौसी हुन्थ्यो। भान्छाबाट धूवाँ सिधैं बाहिर निस्किन्थ्यो। सबै घरमा भोज खान मिल्ने ठाउँ राखिएको हुन्थ्यो। पेशाअनुसार घरको बनावट तथा अग्लाइमा पनि केही फरक हुन्थ्यो।

जोशीका अनुसार टल्कने तेलिया इँटले बनाएको घर देखियो भने बुझे हुन्थ्यो, त्यो हुनेखानेको घर हो। पाको इँट लगाएका मध्यम आर्थिक हैसियतका मानिन्थे भने बाहिर पाको र भित्र काँचो इँट लगाउने निम्नमध्यम। काँचो इँटको मात्र पनि घर बनाउनेलाई गरिब भने हुन्थ्यो। घरको जग पाको इँट र ढुंगा राखेर बनाइएको हुन्थ्यो। ठूला-ठूला ढुंगा लगाइन्थ्यो। 'माटोबाहेक सुर्की (इँटको धुलो) र चुन मिसाएर पनि इँटा जोडिन्थ्यो। 'किलाकाँटा नभएकाले अग्राखको काठको चुकुल बनाएर एकले अर्को काठलाई जोड्ने गरिन्थ्यो। यस्ता घरले संस्कृति र परम्पराको छुट्टै परिचय बोकेका हुन्थे। त्यसैले पनि काठमाडौं उपत्यकालाई सम्पदाको शहर भनिएको हो' -जोशीले भन्नुभयो।

'नपढेका पहिलेका मानिस आफ्ना अक्कलले घर बनाउथे। सबै काम आफैंले गर्दा समय भने धेरै लाग्थ्यो। दशैं आउँदा घरको मर्मतसम्भार, रङरोगन, लिपपोत गर्ने गरिन्थ्यो। अहिले धेरै अग्ला-अग्ला सिमेन्टका घर बन्न थालेका छन्। प्रविधिले छिटो र सजिलो घर बनाउन सकिने भएको छ। तर आधुनिक घर बनाउँदा मौलिकतालाई कसरी मिसाउने भनी सोच्न ढिलो हुँदैछ' -संस्कृतिविद् जोशीले भन्नुभयो।

## परम्परागत घर निर्माणका सामग्री

'इँटा, माटो र काठजडित घर ढलान घरभन्दा प्राकृतिक, सामाजिक, सांस्कृतिक र धार्मिक पक्षले सुरक्षित पनि हुन्छ' -दिलेन्द्र श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार पुराना मौलिक शैलीका घरमा झिंगटीका छाना, रङ पोताइ, काठको भुइँ, ढोका, फ्रेम, जोर्नी, चुकुल, दलिन, थामको प्रयोग गरिएको हुन्छ। 'त्यस्तै बाहिरी र भित्री भित्ताको सतहमा प्रयोग गरिएको चुन, सुर्खी, सजावटका वस्तुमा माटो वा चुनको मसला परम्परागत ढंगले प्रयोग गरिएको हुन्छ', उनले भने- 'यसले विभिन्न शासनकालमा बनेका परम्परागत वास्तुकलालाई समेत चिनाउन मद्दत गर्छ। ढलान घरभन्दा पनि बढी सुरक्षित, जाडोयाममा न्यानो र गर्मीमा शीतल हुन्छ।'

## "पुराना घर ढलान घरभन्दा बढी सुरक्षित"

पुराना वास्तुकला शैलीका घर ढलानका भन्दा बढी सुरक्षित रहेको पाइएको छ। ललितपुर, भक्तपुर र काठमाडौंका केही नेवारी बस्तीमा गरिएको अध्ययनले यस्तो देखाएको हो। घर, मठ मन्दिर, पाटीपौवाका किसिम, बनावट, काठको संरचना, पक्की गारो, छाना, फिनिसिङ, रङपोताई, सम्भारलगायत समग्र घरको तस्वीरसहित तथ्यांक संकलन गरी एक संस्थाले अध्ययन गरेको थियो।

घरका भित्री भागका ढोका, झ्यालको फ्रेम जोर्नी, चुकल, दलिन, थामको प्रयोग, बाहिरी भित्ताको सतहमा प्रयोग गरिएका चुन सुर्खी, भुइँ तथा सजावटका वस्तु माटो वा चुनको मसला परम्परागत ढंगले प्रयोग गरिएका घर ढलान गरिएकाभन्दा बढी मजबुत हुने अध्ययनकर्ता पद्मसुन्दर महर्जनले जानकारी दिनुभयो।

उपत्यकाका ४४ बस्ती र उपत्यका बाहिरका धुलिखेल, बनेपा, खड्पु, खोपासी, साँगा, नाला, चित्लाङ, टिस्टुङ पालुङ, पनौती गरी ५३ ठाउँका पुराना वास्तुकला भएका मौलिक शैलीका घरका तस्वीरसहित तथ्यांक संकलन गरी अध्ययन गरिएको थियो। 'ढलान घरको आयु बढीमा १ सय वर्ष र पुराना वास्तुकला शैलीका घरको आयु सोभन्दा बढी रहनेछ' -अध्ययनकर्ता महर्जनले भन्नुभयो।

महर्जनका अनुसार विदेशी शैलीका ढलान घर निर्माण गर्दा आवश्यक प्रविधि नअपनाउने र कमसल निर्माण सामग्री प्रयोग गर्ने गरेकाले पनि नेपालमा ढलान घरभन्दा पुराना इँटा, माटो र काठजडित घर बलियो हुने गरेको छ। पुराना घर भूकम्पको समयमा धेरै मात्रामा हल्लिए पनि हतपत नढल्ने किसिमका रहेको उनले बताए। 'तर ढलान घर फ्रेम स्ट्रक्चरको हुने भएकाले चर्केपछि पूरै ढल्ने गर्छ।' -उनले भने।

भूकम्पले क्षति भएका घर पुनर्निर्माण गर्दा पुरानै मौलिक वास्तुकला शैलीमा निर्माण गर्न स्थानीयवासी र राज्य पक्षले विशेष चासो दिनुपर्ने संस्थाको भनाइ छ। पुराना कमजोर भएका केही घरको सुधारका लागि भने विशेषज्ञबाट प्राविधिक सहयोग सल्लाहबाट सुदृढीकरण गर्न सकिने काठमाडौं उपत्यका संरक्षण कोषका निर्देशक डा. रोहित रञ्जितकारले बताए।








# भौतिक पूर्वाधारमा खर्च, योजना अलपत्र



मधुसुदन रायमाझी

भौतिक पूर्वाधार नै विकासका आधार हुन्। भौतिक पूर्वाधार क्षेत्रको विकास गर्न सरकारले ठूलो मात्रामा बजेट विनियोजन गर्ने गरेको छ। तर भौतिक पूर्वाधार क्षेत्रमा सरकारले गरेको लगानीको परिणाम भने सकारात्मक आउन सकेको छैन। भौतिक पूर्वाधारको क्षेत्रमा सरकारले गर्ने लगानी प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। सरकारले समृद्ध नेपाल सुखी नेपालीको नारा अगाडि सारेको छ।

ठूला आयोजनाको काम अगाडि सारे पनि काम भने कछुवा गतिमा अगाडि बढेको छ। ठूला विकास निर्माणका आयोजना निर्माण सम्पन्न गर्नका लागि लक्ष्य निर्धारण गरे पनि कुनै पनि आयोजनाको काम समयमा सम्पन्न हुन सकेको छैन। सरकारले ठूला भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा बजेटको व्यवस्था गरे पनि समयमा नै सम्पन्न भएका आयोजना छैनन्। भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा सरकारले राखेको लक्ष्यअनुसार काम हुन सकिरहेको छैन। वर्षेनी आयोजनाको म्याद थप्ने, आयोजनाको लागत बढाउने र समयमा नै सम्पन्न नहुने परम्पराको विकास हुँदै गएको छ।

सरकारले पूर्वाधार निर्माणलाई जोड दिँदै आएको छ। राष्ट्रको विकास र समृद्धिको आधार नै भौतिक पूर्वाधारको विकास हो। स्तरीय र भरपर्दो पूर्वाधार संरचनाको अभावमा विगत लामो समयसम्म न्यूनस्तरको विकास निर्माणको काम हुँदै आएको छ।

पूर्वाधार क्षेत्रको विकासले आर्थिक-सामाजिक विकासमा महत्त्वपूर्ण योगदान दिने भएकाले पनि सरकारले प्राथमिकतामा राखेको छ। तर भौतिक पूर्वाधार निर्माण क्षेत्रमा सरकारको उपस्थिति भने निकै कम देखिन्छ। निरन्तररुपमा अनुगमनको काम हुन सकेको छैन। लामो समयदेखि पूर्वाधार प्राथमिकतामा रहँदै आएको छ। तर पर्याप्त गुणस्तरीय पूर्वाधार निर्माणको काम भने हुन सकेको छैन।

सडक विभागको तथ्यांकअनुसार हाल क्षेत्रीय र रणनीतिक महत्त्वका गरी करिब २९ हजार किलोमिटर सडकमध्ये आधामा मात्रै कालोपत्रे छ। यसबाहेक स्थानीय प्रयासमा बनेका ५३ हजार किमी सडकमध्ये ३० किमी यातायातयोग्य भए पनि १७ हजार किमीमा मात्रै बाह्रै महिना यातायात सञ्चालन हुन्छ। यसबाट पनि पुष्टि हुन्छ कि भौतिक पूर्वाधार निर्माणको अवस्था कस्तो छ? सडक निर्माणसम्बन्धी योजना अगाडि सार्दा दीर्घकालीनरुपमा भन्दा पनि अल्पकालीनरुपमा मात्र काम अगाडि बढाएको देखिन्छ।

पर्याप्त र गुणस्तरीय पूर्वाधारको आवश्यकताका बारेमा पटक-पटक बहस र छलफल हुने गरेको छ। तर सरकारले एकीकृत विकास निर्माणको अवधारणा अगाडि सार्न सकेको छैन। परम्परागत भौतिक पूर्वाधार निर्माणको काम अगाडि सार्दा परिणाम आउन सकेको छैन। पूर्वाधार क्षेत्रमा पर्याप्त लगानी नगरी आर्थिक विकासको माथिल्लो स्तरमा जान सहज छैन। सरकारले वार्षिकरुपमा भौतिक पूर्वाधार निर्माणका लागि छुट्याएको बजेटसमेत फ्रिज हुने अवस्था रहेको छ। हरेक पटक विकास बजेट खर्च हुन किन सकेन भन्ने प्रश्न अहिले पनि सरकारमाथि तेर्सिंदै आएको छ।

देशभर निर्माण भइरहेका भौतिक पूर्वाधारको गुणस्तर निकै कमजोर रहेका छन्। विद्यमान पूर्वाधारले जनताले अपेक्षा गरेको उच्च जीवनस्तर, आर्थिक समृद्धि र अति कम विकसित मुलुकबाट स्तरोन्नति गर्ने मुलुकको लक्ष्य हासिल गर्न सम्भव छैन। पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्छ। यसका साथै भएको बजेटको कार्यान्वयन परम्परागत सोच र शैली पनि परिवर्तन गर्न आवश्यक छ। भौतिक पूर्वाधार निर्माणका साथसाथै यसको दिगो व्यवस्थापन पनि आवश्यक छ। गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्न सरकारले योग्य र दक्ष जनशक्तिलाई परिचालन गर्नुपर्छ। हरेक आर्थिक वर्षको अन्तिममा टालटुल पार्ने र बजेट सिध्याउने प्रवृत्तिको अन्त्य गर्नुपर्छ।

सरकारले सडक, रेल, जल र हवाइ यातायात, जलविद्युत्, सिँचाइजस्ता ठूला पूर्वाधार निर्माण आयोजनालाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ। नेपालमा बिना अध्ययन रणनीतिक महत्त्वका ठूला पूर्वाधार आयोजनाको निर्णय गर्ने परिपाटीले धेरै विवाद निम्त्याउने गरेको छ। सस्तो लोकप्रियताका लागि घोषणा प्रवृत्ति मात्र बढ्दो छ। भौतिक पूर्वाधार निर्माण नै आर्थिक-सामाजिक रूपान्तरणको प्रमुख शर्त हो। सडक, रेल, विमानस्थल, जलमार्ग, भवन, विद्युत्, टेलिफोन, खानेपानी, ढल, सिँचाइ भौतिक पूर्वाधार हुन्। भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा सरकारले लगानी गरेपनि वर्षौं अघि सम्पन्न हुनपर्ने आयोजन अलपत्र पर्दै आएका छन्। लगानी गरेअनुसारको परिणाम आउन नसक्नुको कारणका विषयमा सरकारले पर्याप्त छलफल नै गरेको छैन। समस्या हो भने त्यसको समाधान पनि खोज्नुपर्छ। परम्परागतरुपमा हुने गरेका सोच र शैली परिवर्तन गर्नुपर्ने आवश्यकता छ। दर्जनौं जलविद्युत् आयोजना समयमा नै सम्पन्न गर्नुपर्ने भए पनि सम्पन्न हुन सकेका छैनन्। भौतिक पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकतामा राखे पनि अनुगमन प्रणाली, काम नगर्ने ठेकेदार कम्पनीलाई कारबाही, गुणस्तरको परीक्षणलगायतको पक्षलाई भुसुक्कै बिर्सिएको छ। पूर्वाधार निर्माणका सयौं योजना सरकारले नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेको छ। भौतिक पूर्वाधार निर्माणको पक्षमा खर्च हुने बजेट निकै न्यून हुने गरेको छ। सरकारले पूर्वाधार निर्माणमा हाल भइरहेको समस्या, समाधान र दिगो व्यवस्थापन खोजेर अगाडि बढ्नुपर्छ। सरकारले लगानी मात्र गर्ने तर पूर्वाधार निर्माणका क्षेत्रमा परिणाम नदेखिने हो भने पनि खासै अर्थ राख्दैन। अब नारा र भाषणले पनि समृद्धि हासिल गर्न सक्दैन। भौतिक पूर्वाधार निर्माणको काम अगाडि बढाउने र अलपत्र बनाउने प्रवृत्तिको अन्त्य गर्न सरकारले प्रभावकारीरुपमा काम अगाडि बढाउनुपर्छ।




